# झुलेनी पोष्ट

www.jhulenipost.com

वर्ष ८, अंक ३३, २०७८ फागुन २४ मंगलवार (Jhuleni Post Weekly) 8 Mar. 2022 पृष्ठ ८, मुल्य रु. २०

साप्ताहिक



झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय : प्यूठान न.पा.-४, विजुवार

Email : jhulenipyuthan@gmail.com


### कमाउने उमेरमा थला परे सुनार

## आर्थिक अभावमा उपचार हुन सकेन

एलबी थापा

**झुलेनी पोष्ट, प्यूठान**



दशा सबैलाई एकपटक लाग्छ भन्छन् । दुर्दिनले घेरेपछि सबैको मनमा अशान्ति हुन्छ र परिवार बेचैन बन्छ। यहाँका श्यामबहादुर सुनारलाई दशाले एकपटक मात्र छोएन पटक-पटक नराम्रो परिस्थितिले घेरीरह्यो । गौमुखी गाउँपालिका ४, पुजा बाग्लीवाङका ३२ वर्षिय सुनारले ८ वर्ष अँघि पहिरोमा पुरिदा आमा बबवा गुमाए । बिपन्न परिवारमा जन्मेका उनको भुकम्पले घर भत्कायो। भत्केको घरलाई पुनःनिर्माण गर्दा फेरि ऋण थपियो । घर बनाउँदा ऋण लागेपछि ऋण तिर्न भनी कामको खोजिमा परिवार सहित भारत जान बाध्य भए सुनार । श्रीमान श्रीमतीले काम गर्ने, कमाउने र घरको ऋण तिर्ने उत्साह लिएर बालबच्चा सहित गएका सुनार परिवारलाइ त्यहाँ पनि चैन भएन ।उनीहरुले त्यहाँ कृषि फर्ममा स्याउ टिप्ने काम गर्थे । घरबाट जाने बित्तिकै चिनेजानेका छिमेकीले काम लगाइदिए पछि खुसी थिए उनीहरु। घरबाट गएको ५ महिनामै उनीहरुले ५० हजार ऋण तिर्न घरमा पठाएका थिए । छोटो समयमै दुख सुख कमाई भएकोमा खुसी थिए सुनार दम्पत्ति। उनीहरुको यो खुसी धेरै दिन टिक्न पाएन। सुनार परिवारमा फेरि अर्को बज्रपात आइपर्यो । स्याउ टिप्ने क्रममा सुनार लडेर घाइते भए । उनको मेरुदण्ड भाँच्चियो। कम्मरदेखि तलको भाग नचल्ने भयो । घरबाट ऋण तिर्ने सपना बोकेर गएका सुनारको सपनामा फेरि दशाले भुमरी नचायो । उपचारका लागि फेरि ३ लाख भारु ऋण थपियो । उनका दाजु कमल

बाँकी ४ पेजमा

## समाजबादी उपाध्यक्ष हलिम एमालेमै फर्कीए

नेकपा एमालेमा प्रवेश गरेका नेकपा एकीकृत समाजवादी प्यूठानका पूर्व उपाध्यक्ष मोहम्मद हलिम हलुवाईले नेकपा एकीकृत समाजवादी पार्टी माओवादी केन्द्रको राजनैतिक गोटी बनेको आरोप लगाएका छन् । एमाले सरुमारानी गाँउपालिका संगठन कमिटीद्वारा आयोजित पार्टी समाहित तथा प्रवेश कार्यक्रममा हलुवाईको नेतृत्वमा समाजवादीको पालिका स्तरिय संगठन कमिटी सहित जिल्ला कमिटी सदस्य भानुभक्त भुसाल, बासुदेव गिरी लगाएत १ सय ५३ जना अगुवा नेता कार्यकर्ताहरु एमालेमा गएका छन् । प्रवेश कार्यक्रममा बोल्दै हलुवाईले भने, 'समाजवादीको राजनैतिक एजेन्डा जसरी पनि एमाले हराउ भन्ने बाहेक केही देखिएन ।' उनले पार्टी सत्तालिप्सामा लिप्त हुँदै एमसीसी परियोजनालाई राष्ट्रहित विपरीत पार्टीको आधिकारिक मान्यतालाई एकाएक तिलाञ्जली दिएको सुनाए । 'जनताको बहुदलीय जनवादको मार्गदर्शक सिद्धान्तलाई लत्याउँदै माओवादी केन्द्रसँग पार्टी एकता हुने अवस्था देख्यौं',उनले भने,' विचारविहिन पार्टीमा बस्नुको कुनै औचित्य देखेनौ ।' सरुमारानी एमाले गाउँपालिका संगठन कमिटी अध्यक्ष बसन्त जिसीको अध्यक्षतामा भएको कार्यक्रममा एमाले पोलिटब्यूरो सदस्य तथा प्यूठान इन्चार्ज सूर्य थापा, लुम्बिनी प्रदेश सांसद हरि प्रसाद रिजाल, एमाले प्यूठानका अध्यक्ष विजय विराज विष्ट, पूर्व अध्यक्ष तुल्सीराम शर्मा, संविधानसभा सदस्य धन बहादुर

बाँकी ४ पेजमा

### जीवनको रङ्ग

## वली परिवारलाइ बाखाले चिनायो

**गिता खत्री**

**झुलेनी पोष्ट, प्यूठान**



माण्डबी गाउँपालिका-२, मर्काबाङका तीन दाजुभाइले सञ्चालन गरेको बाखा फर्म जिल्लाकै नमुना भएको छ । १२ वर्षदेखि बाखापालन थालेका दाजुभाइले बाखा पालनबाट राम्रो आम्दानी समेत गरिरहेका छन् । ३० बाखाबाट सुरु गरेका उनीहरुको फर्ममा अहिले ५ सय बढी बाखा छन् । उनीहरुको परिवारलाइ बाखाले चिनाएको छ । खसी, बोका बिक्रि गरेर वर्षमा १५/२० लाख रुपैयाँ आम्दानी गर्ने गर्दछन् उनीहरुले । २०६९ सालमा जिल्ला पशु सेवा कार्यालय प्यूठानमा लेकाली बाखा फर्म दर्ता गरेर हेमराज, यदुराम र दलबहादुर खत्री मिलेर बाखा पाल्न थालेका हुन् । 'तीनै भाइको मेहनतले गर्दा बाखा पालनमा सफल भएका हौ,' दलबहादुरले भने, 'अहिले तीनै भाइको परिवार बाखाले पालेको छ।' तीन भाइ अलग अलग भएको धेरै वर्ष भएपनि उनीहरुले सामुहिकरुपमा बाखा पालेका हुन् । झन्डै ४ हेक्टर क्षेत्रफलमा,भिमल,कोइरालो,जेवट,लगायत स्थानीय डालेघाँस लगाएका छन् । २ सय २२ रोपनी सामुदायिक वनको जग्गा भाडामा लिएर मलाटो, नेपीयर, किमु लगायत घाँस लगाएका छन् । यसले गर्दा बाखालाई खुवाउने घाँसको लेकाली फर्मलाई कहिल्यै समस्या भएको छैन । आकर्षक खोर निर्माण गरी व्यवस्थित रूपमा गरिएको बाखापालनले जिल्ला र प्रदेशको समेत ध्यान तानेको छ। जिल्ला

बाँकी ६ पेजमा.....

### हाम्रो नजर

## सरुमारानीको सबैलाइ सुनाउने खबर



मृतक परिवारलाई राहत प्रदान गर्दै सरुमारानी गाउँपालिका अध्यक्ष

*सरुमारानी गाउँपालिका बड्डाँडा प्यूठानले कोरोना संक्रमणबाट ज्यान गुमाएका मृतक परिवारलाई राहतस्वरुप ३५ हजार सहयोग रकम हस्तान्तरण गरेको छ । शुक्रबार,कोभिड १९ बाट मृतक परिवारलाई राहत वितरण कार्यक्रमको आयोजना गरी गाउँपालिका भित्रका विभिन्न वडामा कोरोना संक्रमणका कारण मृत्यू भएका १२ घर परिवारका मृतकका आफन्तलाई सहयोग रकम वितरण गरेको हो । पालिकाको यो कार्यले स्थानीयले नजिकको सरकारको अनुभूति गरेका छन् । गाउँपालिकाले प्रति परिवार रु ३५ हजारका दरले राहत उप्लब्ध गराएको सरुमारानी गाउँपालिकाले जनाएको छ । हाल सम्म प्राप्त भएको विवरण अनुसार सरुमारानी गाउँपालिकामा .१२ जनाले कोरोना संक्रमणका कारण ज्यान गुमाएको सरुमारानी गाउँपालिकाका स्वास्थ्य शाखाले जनाएको छ । गाउँपालिकाले मृतकका हकवालाहरु बोधराज अधिकारी, फुलवता पोखेल, मिना रायमाझी, सिता पोखेल, मनिसरा सुनार, लिला कुमारी रसाइली, सिता भुष्साल, महेन्द्र गुरुङ, लिलाबती खाम्चा मगर, तुल बहादुर बुढा मगर, ज्ञानु थापा र पवित्रा सुनारलाई ३५ हजारका दरले राहत वितरण गरिएको थियो । गाउँपालिका अनुसार अहिले सम्म ४ सय ९६ जनामा कोरोना संक्रमण देखिएको छ । पालिकाको यो कार्यले विपद्को बेला स्थानीयले सरकारको साथ पाएका छन् ।*

## कहिलो पूरा होला दाखाक्वाडि बर्जिवाङ सडक ?



*जिल्लाको दाखाक्वाडि बर्जिवाङ भिंगृ सडक ट्रयाक खुलेको ५० वर्ष पूरा भएको छ। बाटो पुगेको यतिका लामो समय बितिसक्दा पनि अँझैसम्म कालो पत्रे हुन सकेको छैन। कालोपत्रेको कल्पनामा दिन पर्खेका स्थानीयलाई सडक नियमति मर्मत संभार नहुँदा सास्ती भोग्न बाध्य छन् । सडकको स्तरोन्नति र कालोपत्रेका लागि करिब २ वर्ष अघि ठेक्का सम्झौता भएर प्रक्रिया अघि बढेको भए पनि ठेकेदार कम्पनीको लापर्बाही र अनुगमन गर्ने निकायको बेवास्ताका कारण सडक निर्माण पुरा हुन सकेको छैन। वि.सं. २०२८ सालमा ट्रयाक खुलेको यो सडकको स्तरोन्नति र कालोपत्रेका लागि सडक पुर्वाधार विकास कार्यालयले २०७७ जेष्ठ २७ गते यस सडक खण्डको ५ किलो मिटर सडक कालोपत्रेका लागि ठेक्का खोलेको थियो। गौरा बंगलामुखी जेभिले ११ करोड ५६ लाख ८६ हजार १३ रुपैयाँमा ठेक्का सम्झौता गरेको भएपनि निर्माण सम्पन्न भएको छैन । सडक विकास कार्यालयका अनुसार आउँदो जेठ महिनासम्म सम्पन्न गर्ने सम्झौता छ। प्रदेश गौरवको योजना अन्तर्गत जिवराज आश्रित कृष्णसेन इच्छुक मार्ग नामाकरण गरी यो सडक कालोपत्रेका लागि लुम्विनी प्रदेशका तत्कालिन मुख्यमन्त्री शंकर पोखेलले शिलान्यास गरेका थिए । सम्झौता अनुसार २ वर्षमा सक्ने गरी ठेक्का गरिएको भएपनि सडक कालोपत्रेको काम सुरुनै भएको छैन । साँघुरो सडक, खाल्डाखुल्डी र छोटा घुम्टि भएका कारण यात्रुहरु जोखिम मोलेर यात्रा गर्न बाध्य छन् । यसमा सरोकारवाला निकायको समयमै ध्यान पुगोस् ।*

झुलेनी पोष्ट

सम्पादकीय....

## गोजिमा योजना बोकेर नहिडौं

गाउँ-शहरमा स्थानीय तह निर्वाचनको माहोल सुरु भयो । सरकारले ३० वैशाखमा निर्वाचन गर्ने निर्णय गरेपछि दल दर्ता सकिएको छ । भने मतदाता नामावलीमा भएका त्रुटी सच्याउने अवधि चलिरहेको छ । यसै क्रममा राजनीतिक दलहरुले पनि चुनाव लक्षित संगठनात्मक कार्यक्रम चलाउन थालेका छन् ।

यही बेला स्थानीय तहका जनप्रतिनिधहरुले चार बर्षमा गर्न नसकेको काम गर्न थालेको भन्दै आफू अनुकुल बजेट विनियोजन गरेका छन् । यो बजेट बोकेर गाउँ-नगरमा पसेका छन् । जनप्रतिनिधिहरुकै “तजबिज”मा योजना छनोट भएका छन् । जनप्रतिनिधिले गर्ने थालेको कामको सम्बन्धित राजनीतिक दलका नेता कार्यकर्ताले चर्को प्रचार गर्दै छन् । हिउँदे अधिवेशन सक्काएका जिल्लाका सबै स्थानीय तहरुले विभिन्न नाममा आफ्ना कार्यकर्ता हाबीहुने क्षेत्रमा बजेट विनियोजन गरेका छन् ।

आर्थिक वर्षको ७ महिनासम्म हात बाँधेर बसेका जनप्रतिनिधिहरु स्थानीय तहको चुनाव नजिकिएको बेला धमाधम विकासको योजनाको प्रचार गरिहेका छन् । बजेट स्थानीय तहका विभिन्न शाखाहरुको निति नियम अनुसार खर्च हुने हो । तर, योजना छनोट र कार्यान्वयनमा जनप्रतिनिधिहरु हावी छन् । चुनावको मुखमा जनप्रतिनिधिहरुले लाखौ रुपैयाँ आफू अनुकुल खर्च गर्दा भोलि सोही ठाउँमा चुनाव लड्ने अर्को दलले प्रतिस्पर्धाका लागि समान वातावरण बनाउन सक्दैन । यसरी जथाभावी छानिएका योजनामा बजेट दुरुपयोग हुन सक्छ । जनप्रतिनिधिको स्वार्थमा खल्तीबाट खुद्रा योजनामा खर्च गर्ने प्रवृत्ति अन्त्य गर्ने सचेत नागरिको भुमिका महत्वपूर्ण हुन्छ । जथाभावी छानिएका योजनाले न जनतालाई, न त स्थानीय सरकारलाई लाभ हुन्छ । योजना छनोटदेखिकै समस्या हटाउने नीति र विधि जनप्रतिनिधिहरुले बनाउने हो आफैं गोजीमा योजना बोकेर हिंड्ने होइन ।

# विश्व नारी दिवस र नेपालमा नारीको अवस्था



सरद बिष्ट

हरेक वर्ष आउने फाल्गुन २४ गते अथार्तमार्च ८ मा विश्वका धेरैजसो मुलुकमा अन्तर्राष्ट्रिय नारी दिवस मनाइन्छ। नारी दिवस भनेको के हो ? यो दिवस किन मनाइन्छ भन्नु भन्दा पहिले नारीको हुन् ? सर्व प्रथम यसको विशाल अर्थ थाहा पाउनु पर्दछ । त्यसैले नारी भनेको हेमाङ्कराज अधिकारीले प्रधान सम्पादक गरेको नेपाली वृहद् शब्दकोष अनुसार नर+ई मिली नारी भन्ने हुन्छ। जुन तत्सम शब्द हो। जस्को अर्थ महिला, स्त्री, आइमाई, स्वास्नी मान्छे र सिंगो नारी जाति भनेर उल्लेख गरेको छ। यो दिवस संयुक्त राज्य अमेरिकाको न्यूयोर्क शहरको एउटा कपडा उद्योगमा सन् १८५७ मार्च ८ आजकै दिन महिलाहरुले पनि पुरुष सरह नै ज्याला पाउनु पर्दछ भन्दै पहिलो पटक एकजुट भएर आन्दोलनमा सहभागी भएका थिए।

उक्त मिलमा सन् १८६० मार्च ८ मा यिनै महिलाहरुले राष्ट्रिय स्तरको पहिलो महिला सम्मेलन सम्पन्न गरेका थिए । फ्रान्सको पेरिस सहरमा पनि सन् गरेको एक शताव्दी भन्दा बढी भईसकेको अवस्थामा समेत महिला विरुद्धको शोषण, असमानता, विभेद, बलात्कार र एसिड आक्रमण जस्ता जघन्य अपराध पनि एक्काइसौ सताब्दीसम्म आईपुग्दा पनि अन्त्य भइसकेको छैन । त्यसमा पनि हाम्रो जस्तो पुरुष प्रधान देशहरुमा त अझै धर्म, संस्कृति रपरम्पराको नाममा महिला माथि विभेद र शोषण कायमै छन् ।

हाम्रो जस्तो विकासोन्मोख देशमा ग्रामीण अर्थतन्त्रको मेरुदण्ड महिला नै रहेका छन् । गाँउघरमा बसोबासको दृष्टिकोणले पनि हेर्दा प्राय महिला नभएको घर नै हुदैन। पुरुषहरु कमाउन विदेशतिर जाने भएकोले गाँउघरमा महिलाहरुको बर्चश्व धेरै छ । तर पनि, महिलालाई समाजले हेर्ने दृष्टिकोण नै नीच खालको भएकोले आफ्नो आवाजहरु वुलन्द गर्न सक्दैनन् । नेपाली महिलाहरुको विडम्वना यही छ । भागीरथी भट्ट र निर्मला पन्तको बलात्कार पछिको हत्या त देशको उदाहरण मात्र हुन । कति महिला दिदी-बहिनीहरु दिनमा गाई, वस्तुको गोबर र मलमुत्र खुवाएको कारुणीक खबरहरु पत्रपत्रिकामा आउँछन । नारीलाई प्रयोग गरिने शब्दहरु आइमाई, स्वास्नी मान्छे, वेश्या, राँडी, वोक्सेनी, विधुवा जस्ता शब्दहरु आफैमा घृणित छन् । यही शब्द सञ्जालले नै महिलाहरुलाई संकुचीत घेरामा राखेको छ। धनकी देवी लक्ष्मी, विद्याकी देवी सरस्वती र शक्तिको देवी दुर्गा भनेर नारीलाई पूजा गर्ने हाम्रो




१८८९ मार्च ८ मा पहिलो अन्तराष्ट्रिय स्तरको महिला सम्मेलन भएको थियो । अमेरिकाको सिकागो शहरमा सन् १८९७ मार्च ८ कै दिन महिला अधिकारका लागि विशाल आमसभा, जुलुस र हडताल भयो । उक्त आन्दोलनका मागहरुमा पुरुष समान ज्याला पाउनु पर्ने, १० घण्टा भन्दा बढी कामको विरोध, मातृशिशुको अधिकार, मजदुर संगठनमा महिलाको पनि मताधिकार हुनु पर्ने आदि विषयहरुको उठान भएको थियो।

सन् १९७६ लाई संयुक्त राष्ट्रसंघले मार्च ८ लाई अन्तराष्ट्रिय नारी दिवसका रुपमा घोषणा गर्यो । विश्वका झण्डै १८९ सरकारका प्रतिनिधिद्धारा हस्ताक्षरित सन् १९९५ को बेइजिङ घोषणापत्रले प्रत्येक महिलाले इच्छा अनुसाार राजनितीमा भाग लिन पाउने, शिक्षा आर्जन गर्न पाउने, कुनै पनि लैङ्गिक विभेद र हिंसाको सिकार नभई समाजमा स्वतन्त्र रुपमा बाँच्न पाउने अधिकार सहितको ऐतिहासिक कदमको निर्णय गरियो । जुन निर्णय महिला हकहितको लागि विश्वभर लागु हुँदै गयो । विश्वका अन्य देशहरुमा झैं प्रत्येक वर्ष हाम्रो देश नेपालमा पनि अन्तराष्ट्रिय नारी दिवस भव्यताका साथ मनाउने गरिन्छ। तर, दुःखको करा के छ भने आम नेपाली महिलाले आफ्नो लैङ्गिक अधिकारको समानताको अनुभूति पूर्ण रुपमा सुरक्षित गर्न पाएको देखिदैन। सरसर्ती हेर्दा महिलाले समानताको लडाई शुरु गरेको ... बलात्कृत हुन्छन ?, कति बालिकाहरुको दिनमा बाल बिवाह हुन्छ ?, कति बुहारी चेली कर्मघरबाट पिडित हुन्छन् ?, कति महिलाहरु प्रसवको पिडा बढी भएर मर्छन ? कति महिला भारतको शहरमा बेचिएका छन् ? कति नेपाली महिलाहरु विदेशको खाडी मुलुकमा साना बालबच्चाहरु छोडेर काम गर्न बाध्य भएका छन्? कति बालिका र महिलाहरु शिक्षाको उज्यालो घामबाट बञ्चित भएका छन् त्यसको बारेमा सरकार नै बेखबर होला।

नेपालमा, मार्च-८ को दिनलाई नारी दिवसको रुपमा मनाउनु पर्दछ भनेर मात्र अर्थ हुदैन । देशभर आमसभा, नारा जुलुस गरेर मात्र महिलाहरुको अधिकार सुनिश्चित हुदैन । नेताहरुले भाषण गर्दैमा महिलाहरु सुरक्षित हुन्छन भन्ने कुरा ग्यारेन्टी छैन्। पार्टी प्यालेस र तारे होटलमा महिला अधिकारका बारेमा कुरा र बहस गरेर सम्भव छैन । महिला अधिकारका लागि देशैभर महिला जागरण र सचेतना ल्याउनु पर्दछ । संविधानमा महिला अधिकारका धारा र उपधारा लेखेर मात्र हुदैन् । कार्वान्वयनको लागि राज्यका सबै निकायहरु क्रियाशिल हुनु पर्दछ। महिलाहरुलाई समाज र सिंगो देशमा हेर्ने दृटिकोण त्यति राम्ो छैन् । त्यही भएर नै महिलाहरु राज्यको हरेक निकायमा पछाडी परेका छन्। भन्ने बेलामा महिलाहरु देशको आधा धर्ति हुन भन्ने तर, व्यवहारमा त्यसो गरेको पाइदैन् । कतिपय ठाँउहरुमा महिलालाई बोक्सीको आरोपमा नेपाली समाज महिलालाई भने पुरुष समान व्यवहार गर्न सकेको छैन् । दैनिक जसो आउने नेपालका ठुला मिडियाहरुले महिला हिंसा, विभेद, बलत्कार, शोषणजस्ता खबर हरुले प्राय पहिलो पेजमा स्थान पाएका हुन्छन्। जन्म उत्सव देखि मुत्यु संस्कारसम्म महिला भेदभाव र अपहेलना नेपालमा अझै छ।

अबको नारी दिवस मनाउनु भनेको देशमा नयाँ जागरण ल्याउनको लागि देशैभरका महिला दिदी-बहिनीहरु एकजुट हुनुपर्दछ । महिला नै महिलाको शत्रु भएर होइन्, मित्र भएर अगाडी बढ्नु पर्दछ । हिमाल, पहाड र तराईका सबै क्षेत्रमा बसोबास गर्दै आउनु भएका महिला दिदी-बहिनीहरुको विषयमा हरेक दिन नयाँ जागरण, नयाँ अभियान र नयाँ शशक्तिकरणकासाथ मुलुक अगाडी बढ्यो भने मार्च-८ र नारी दिवस मनाउनुको अर्थ र सार्थकता रहन्छ। देशमा शान्ति, समृद्धि र शुसासनको पनि प्रत्याभूति हुन्छ। समाजमा जरो गाडेर पुरातनवादी सोचमा परिर्वतन र पुरुषवादी मानसिकतामा शुद्धिकरण भई समानताको व्यवहार देख्न पाईयोस् । नेपालमा मात्र नभएर विश्वभरका सबै महिलाहरुले आफ्नो राज्यमा स्वतन्त्रता, न्याय र कानुनी राज्यभएको अनुभूति गर्न सकून । फाल्गुन २४ गते ११२ औं नारी दिवसको भव्य शुभकामना।

**लेखक लोकचेतना एकेडेमी भिंगृमा कार्यरत हुनुहुन्छ ।**

# राजनीतिमा जवाफदेहिता र सर्वोच्चता



हरीप्रसाद भण्डारी

प्रशासक, कर्मचारीतन्त्र, कार्यसम्पादन र सेवाप्रवाहको सवालमा संकुचन गरिएको जवाफदेहिताको अवधारणालाई राजनीतिक तहसम्म कायम नगरेसम्म शासकवर्ग प्रति आम जनताको विश्वास रहन सक्दैन। विकासको अवधारणा निर्माणकर्ता एवं नितीनिर्माताहरु स्वभाविक रुपले सार्वभौम, स्वतन्त्र र सर्वोच्च हुन्छन। तर, यसको अर्थ उनिहरु कहिँ कतै जवाफदेही हुनु नपर्ने त ? यदी राजनीतिकर्मी वक्ता वा आश्वासन दातामात्र भयोभने न मुलुकको समृद्धी हुनसक्छ न त आमजनतामा व्यवस्था प्रतिको विश्वसनियता । राजनीतिक नेतृत्व प्रति विश्वसनियता नहुनु र आम व्यवस्थामा समेत जनतामा विश्वास र सन्तुष्टी नहुनुले परिवर्तनका उपलब्धीहरु माथी जोखिम थप्दछ। राजनीतिक तहको जवाफदेहीता र जनउत्तरदायित्वको सवाल जति महत्वपूर्ण हो त्योभन्दा प्रशासकीय जवाफदेहिता सामान्य महत्वको विषय हो । तर, आज आम रुपमा प्रशासकीय जवाफदेहितालाई गहन महत्वका साथ हेर्ने र राजनीतिक जवाफदेहितालाई कम प्राथमिकतामा राख्ने र जिम्मेवारीवोध नगर्ने परिपाटिले राजनीतिक तहमा एकप्रकारको उत्तरदायित्व हिनताको अवस्था श्रृजना भईरहेको छ । निर्वाचित प्रतिनिधीहरु मुलुकका सर्वोच्च अधिकारसम्पन्न व्यक्ति हुन । र उनिहरुको संस्था सार्वभौम संस्था हो। जनप्रतिनिधिहरु त्यो बेलासम्म सर्वोच्च र जनप्रतिनिधीहरुको संस्था त्यो बेलासम्म सार्वभौम हुन्छ जति बेलासम्म आम जनताको विश्वास उनिहरुप्रति कायम रहेको हुन्छ। निर्वाचित हुनुअगावैसम्म मात्र आम जनताको उम्मेद्धारहरुमाथी विश्वास हुने र त्यसपछी आम जनताप्रति जनप्रतिनिधी र राजनीतिकर्मीहरु जवाफदेही हुनु नपर्ने परिपाटीले नितिनिर्माता र नागरिकविचको दुर वढाउने र विश्वसनियता घटाउने गरिरहेको छ।

राजनीतिकर्मीहरु जे वोलेपनि हुने, जे आश्वासन वाडेपनि हुने, जसका विरुद्ध जहाँ गठबन्धन गरेपनि हुने र जनतामा गरेका प्रतिवद्धताहरु प्रति कहिल्यै जवाफदेही र उत्तरदायित्व वहन गर्नु नपर्ने कारणले राजनीतिकर्मी प्रतिको विश्वास र सम्मान घट्दै गईरहेको छ। आवरणमा राजनीतिलाई संभावनाको खेल भन्ने र व्यवहारमा अवसर र स्वार्थहरुको खेलको रुपमा अस्वभाविक र अपारदर्शी रुपमा प्रयोग गर्ने प्रवृत्तिले राजनीति प्रति नै आम नागरिकको धारणा नकारात्मक छ । यो सकारात्मक सन्देश होईन । आजको अभ्यासमा राजनीतिक सर्वोच्चताको अर्थ राजनीतिकर्मीमाथी कसैले प्रश्न उठाउन नपाईने र जवाफदेही बन्नु नपर्ने संस्कृति विकास हुँदैछ। यस्ले क्रमश व्यवस्थामा अराजकता, अनुशासनहिनता र निरंकुसता ल्याउनसक्छ । यसर्थ राजनीतिक जवाफदेहिता र उत्तरदायित्व बिना नेपालजस्ता विकासशिल मुलुकहरुमा व्यवस्थाको स्थायित्व प्राप्त हुन सक्तैन। आजपनि मुलुकमा राजनीतिक जवाफदेहिताको संयन्त्र निर्माण नहुँदा राजनीतिक दलहरु जवाफदेहिताहिन छन् । राजनीतिकर्मीले जहाँ जस्तोसुकै भाषण गरेपनि हुने, चुनावि प्रतिवद्धताहरुमा जेसुकै आश्वासन बाडेपनि हुने र राजनीतिक दल तथा व्याक्तीहरुमाथी जस्तोसुकै आरोप प्रत्यारोप गरेपनि हुने संस्कारको विकास भईरहेको छ । यस्ले राजनीतिप्रतीको घृणा र वितृष्णा थपिरहेको छ । नयाँ पुस्तामा राजनीति प्रति ठुलो विकर्षण छ भने सर्वसाधारण नागरिकमा राजनीति र राजनीतिकर्मी प्रति घृणाभाव छ। मुलुकको शासन सञ्चालनका मुल अंसियार राजनीतिकर्मीहरु प्रतिको अविश्वास र नैराश्यभावले मुलुकको संभावित भविश्यलाई समेत नकारात्मक दिशातर्फ लैजान्छ।

नेपाल र दक्षिण यशियाली मुलुकहरुमा राजनीतिकर्मीहरु प्रतिको घृणाभाव, आरोप, असम्मान आदि वृद्धि हुदै जानु र राजनीतिक कुशासन (Political Corruption) वृद्धी हुदै जानुमा राजनीतिक तहको जवाफदेहीता नहुनु र आफ्ना प्रतिवद्धताहरु प्रतिको उत्तरदायित्व नहुनु नै मुख्य कारण हो । निम्न वर्गिय, सिमान्तकृत र कठिन जिवन यापन गरिरहेको आधारभूत वर्गमा चुनावी नाराहरु निर्माण गर्ने र चुनावपछी आफ्ना प्रतिवद्धताहरु आरोप प्रत्यारोपको श्रृंखलाबाट भत्काउने कुटिल चालले आज आधारभूत वर्गले राजनीतिक क्षेत्रको वेईमानी व्यहोरेको छ। एजेण्डामा समाजवाद लेख्ने, प्रतिवद्धतामा समाजवाद भन्दा उच्च व्यवस्थाका आश्वासनहरु बाड्ने तर, निर्वाचन पछि सत्ता स्वार्थ, लेनदेन र पदिय शौदाबाजीबाहेक अरु केही हुन नसक्ने विडम्वना प्रजातन्त्र स्थापना पछिका ७१ वर्षहरु जनताका अगाडी ताजै छन् । आधारभूत वर्गबाट माथि उठ्न नसकेको,राजनीति र नेताप्रति विश्वास गर्न छोडी नसकेको र विश्वास गर्नु बाहेक आफ्ना अगाडी कुनैपनि विकल्प नभएको पुस्ता हाम्रा अगाडी साक्षी छ राजनीतिमा कहिले कहिले के-के आश्वासन वाडियो, के-के वोलियो, केके सपना देखाईयो अनि के कसरी यहाँसम्म आईपुग्यो भनेर कुनै पनि दल वा नेताले समिक्षा गर्दैनन् । यो सत्तरी वर्षको जवाफदेहिताविहिन र उत्तरदायित्वविहिन राजनीतिक संस्कारलाई बदल्नु आजको मुल आवश्यकता हो। हरेक दलका प्रतिवद्धताहरु, हरेक राजनीतिकर्मीका मन्तव्य र आवश्वासनहरु राष्ट र जनता प्रति उनिहरुले पुरा गर्नुपर्ने दायित्वको रुपमा रहनुपर्दछ । दलको एजेण्डा, विकासको खाका, चुनावि प्रतिवद्धताहरु जनताको मत प्राप्तीका आधारहरु हुन । यसर्थ तिनिहरु ओजपूर्ण, विश्वसनिय र कार्यन्वयन योग्य हुनुपर्दछ। यद्यपी यि नयाँ संविधानको निमार्णपछी भएको निर्वाचनवाट निर्वाचित जनप्रतिनिधीको कार्यकालको अवधी समाप्त हुदैछ। तिनै तहका सरकारको अवधी सकिनैलाग्दा २०७४ सालको निर्वाचनमा राजनीतिक दलका प्रतिवद्धता पत्रहरु, उम्मेद्धारका घोषणाहरु र आश्वासनहरु प्रति आम जनताले जवाफ माग्ने समय आईपुगेको छ । राजनीतिक दल र जनप्रतिनिधीहरुको घोषणापत्रप्रतिको जवाफदेहिता र उत्तरदायित्य राजनीतिक ओज र सर्वोच्चा माथिको चुनौति होईन। आफ्ना प्रतिवद्धता माथिको जवाफदेहिता र आम नागरिकका प्रश्नहरुप्रतिको उत्तरदायित्वले राजनीतिलाई र व्यवस्थालाई थप सवल, जनअपेक्षकृत र विश्वसनीय वनाउन सक्छ। आम नागरिकले व्यवस्थाप्रति भरोसा र विश्वास गर्ने वातावरण वन्छ । निर्वाचन र दलका घोषणा तथा प्रतिवद्धताहरुप्रती आम विश्वासको वृद्धी हुन्छ। यसकारण राजनीतिक जवाफदेहिता र उत्तरदायित्व राजनीतिक सवोच्चतामाथिको चुनौति होईन । राजनीतिक सर्वोच्चता निर्माणको प्रमुख आधार हो । सर्वोच्चता शक्ती प्रयोग र निरंकुसतामा खोज्ने होईन आम विश्वास र सहभागितामा हेर्नुपर्दछ । व्यवस्था र मुलुकलाई आम रुपमा वदल्नु छ भने यो कुरा राजनीतिवाहेक अरु क्षेत्रवाट संभव छैन। तर, राजनीतिमा जवाफदेहिता र उत्तरदायित्वको अभाव भयोभने कुनै मुलुक वर्वादिको दिशातर्फ पुग्न समय लाग्दैन । आम जनताप्रति उत्तरदायित्व र जवाफदेहिता नैतिक रुपमा शवल नरहेको नेपाल जस्ता विकासशिल मुलुकहरुमा राजनीतिक जवाफदेहिताका लागि समेत संवैधानिक रुपमा संरचना सुनिस्चित गर्नु अनिवार्यजस्तै भईसकेको छ। केवल दल दर्ता मात्र होईन दल र तिनका नेताहरुको आम जनताप्रति आफ्ना घोषणा र प्रतिवद्धताहरुको जवाफदेहिता मापन गर्ने संयन्त्रको खाचो भईसकेको छ।

राजनीतिक जवाफदेहिताले आम जनतामा राजनीतिप्रतिको विश्वसनियता वृद्धी गर्ने मात्र होईन राजनीतिमा मौलाईरहेको सत्तास्वार्थकेन्द्रीत विकृती नियन्त्रणमा समेत सघाउ पुर्याउन सक्छ । निर्वाचनको समयदेखी अर्को निर्वाचनको समयसम्म पुग्दा दर्जनौ समिकरणहरु, गठवन्धनहरु र गठजोडहरु निर्माण हुने, सरकार टिकाउनका लागि राज्यकोषको अर्वौ व्ययभार पर्नेगरी खर्चिला प्रवन्धहरु गर्ने जस्ता अस्वभाविक क्रियाकलाप र नीतिगत भ्रष्टाचार नियन्त्रणका लागि सघाउ पुर्याउन सक्छ।

एमसीसी प्रकरणः

# देश दुर्घटनाबाट जोगियो कि दुर्घटनातिर मोडियो ?



बैकुण्ठ भण्डारी

व्याख्यात्मक घोषणासहित एमसीसी पारित भएपछि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल निकै खुशी देखिए । एमसीसी पारित भएकोमा खुशी देखाउन सोमबार पत्रकार सम्मेलन नै गरेर दाहालले भने, 'देश दुर्घटनाबाट जोगियो' । दिनभर बानेश्वर चोकमा आफ्ना भ्रातृसंगठनहरुलाई ढुङ्गा हान्न लगाएर 'नो एमसीसी' भन्न लगाउने दाहाल एमसीसी पारित गर्दा खुशी किन भएँ ? भन्ने कुरा पत्रकार सम्मेलनमा ओकलेनन ।

एकातिर कार्यकर्ताहरुलाई एमसीसीको विरोध गर्न लगाउने अर्कोतिर संसदमा त्यही कुरा पारित गराएर खुशी व्यक्त गर्ने प्रचण्डको बोलीलाई कसरी बुझ्ने ? एमसीसी मध्यरातमा पारित भएकै कारण मुलुक 'देश दुर्घटनाबाट जोगियो' भन्ने कमरेड दाहाल एमसीसी पारित नहुँदा देश कसरी 'दुर्घटनाबाट हुनबाट जोगियो' ? एमसीसी पारित नहुँदा मुलुक युक्रेन बन्दै थियो कि प्लायलेस्टाइन, भन्नु पर्दैन ?

पूर्वप्रधानमन्त्री, तपाइँकै भाषामा महान् गौरवशाली पार्टी हाँक्ने अध्यक्ष जस्तो व्यक्तिले यस्ता हावादारी गफ दिएर जनतालाई उल्लु बनाउन मिल्ला ? तीन दिनअघिसम्म 'एमसीसी मुर्दावाद' भन्दै कलेजका विद्यार्थीहरुलाई बवबरमहल-बानेश्वर सडक खण्डमा उतारेको होइन ? त्यसबेला मुलुक कुन संसारमा थियो । छिमेकी भारतले पेल्दै थियो कि चीनले ? कमरेड प्रचण्ड गणतन्त्र स्थापना हुन अघि तपाईँको नेतृत्वमा जनयुद्ध भइरहँदा 'अमेरिकी साम्राज्यवाद मुर्दावाद' भनेर कोरिएका भित्ते लेखनले अझै पनि गिज्याइरहको छ भन्ने महसुस हुँदैन ।

पत्रकार सम्मेलन गरेरै 'देश दुर्घटनाबाट जोगियो' भनिरहँदा किन र के कारणले भनेर जवाफ दिनु पर्दैन ? गोर्खाली नारायणकाजीलाई विपक्षमा उभ्याएर आफू पक्षमा उभिन अलिकति शरम मान्नु पर्ने थियो होला नि कमरेड प्रचण्ड ! सायद ऊ बेला ५० लाख टाउकोको मूल्य तोक्ने तात्कालीन अनि वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवासँग कुम जोडर सत्ताको रसस्वाद गर्दा आनन्द लागिरहेको होला ।

२०५२ सालतिर फर्कँदा सायद साम्यवाद र तानाशाहको तानावानाविरुद्ध वर्गसंघर्षको मोर्चामा उभिने प्रचण्ड र अहिले टाउकोको मूल्य तोक्नेसँग घाँटी जोडेर हिँड्ने पुष्पकमल दाहालको तन एउटै भएपनि मन फरक भयो कि भएन ? जनताले चाहेको जनयुद्ध र जनसंघर्षपछिको उपलब्धी अनि अमेरिकन साम्राज्यवाद विरुद्धको लडाइँ भनेको एमसीसी सहर्ष स्वीकार थियो ? कि २६ वर्ष अघि यहाँले चाल्नु भएको जनयुद्ध पाखण्ड थियो ? त्यसो होइन भने तपाईका माओवादी कार्यकर्ताहरु सडकमा एमसीसी विरोध गरिरहँदा तपाईँसमेत संलग्न सरकारले अश्रुग्याँस, लाठी बजार्नु पर्ने कारण के थियो त ? त्यही हो तपाईँले भन्नु भएको 'देश दुर्घटनाबाट जोगियो' । होइन भने कमरेड प्रचण्ड एमसीसीको ५० अर्बले विकासको गति लिन्छ वा मुलुकको आमूल परिवर्तन हुन्छ भन्नु साँच्चै नै तपाईले भने जस्तो 'देश दुर्घटनाबाट जोगियो' होइन 'अब देश दुर्घटनतर्फ अगाडि बढ्यो' ।

राष्ट्, राष्ट्रियतालाई तिलाञ्जलि दिएर अमेरिकी साम्राज्यवादको अघि घुँडा टेक्ने पुष्पकमल दाहाल र नेपालमा राजतन्त्र अन्त्य गर्न हिँड्ने प्रचण्डको विचारमा के फरक आयो र ? आफ्नो स्वार्थपूर्ति गर्नका लागि हरियो रुखमा भोट हाल्न सक्ने तपाईँ, करिब दुईतिहाईको ऐतिहासिक कम्युनिष्ट सरकारलाई कमाउनिष्ट बनाउने तपाईँ अनि तपाईकै टाउकाको मूल्य तोक्ने शेरबहादुरसँग अंकमाल गर्ने तपाईमा फरक के-के छ, छुट्याउन आम नागरिक मात्र होइन तपाईकै जनयुद्धमा होमिएका कार्यकर्ताहरुलाई कठिन भएको छ।

१० वर्षे जनयुद्ध अनि करीव १५ वर्षको लोकतान्त्रिक गणतन्त्रबाट आमनेपाली जनताले के पाए ? कमरेड प्रचण्डलाई सत्ताको स्वाद निकै मिठो लाग्न थालिसकेकाले होला- आफ्नैलाई पनि पराई ठान्छन् । बुहारीको रिसले छोरी कुट्ने उखान जस्तै जसरी हुन्छ ओलीलाई सिध्याउनु पर्दछ भन्ने सोच प्रचण्डमा पलाएको हो कि भन्न आंशका पनि पैदा भइरहेको छ। ओलीले समर्थन गरे त्यसको विपक्षमा अनि ओलीले विरोध गरे त्यसको समर्थनमा प्रचण्ड उभिने हो भने नेपालको कम्युनिष्टहरुले आफूलाई कसरी कम्युनिष्ट भएको स्वीकार गर्न स्कलान त ?

पुनः कमरेड उर्फ प्रचण्डलाई एउटै प्रश्न- एमसीसी पारित नभएको भए देश कस्तो दुर्घटनामा जाँदै थियो ?

## नगरपालिकावासिलाई अनुरोध

लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम्र अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक :
स्वर्गद्वारी नगरपालिका, भिंगृ प्यूठान

पत्रिका मागेर होइन किनेर पढौं

## मुक्तक

॥१॥

दिएर गयो केही ज्ञान त्यो उखानले पनि ।
राम्रै भएछ फाइदा भयो चिनजानले पनि ।
मैले त नचिने झैं गरी तार्न खोजेकी थिएँ,
तर स्वागत गरिहाल्यो मुस्कानले पनि ।

॥२॥

मन भरि मात्र पिरै पिर हुँदा खेरि ।
अवस्था झन् निकै गम्भिर हुँदा खेरि ।
बाच्ने आशा पनि हराउदो रहेछ झन्,
जीउदो लास जस्तै शरिर हुँदा खेरि ।

॥३॥

कता कता छाती मेरो पोल्छ त्यही घटनाले ।
झुटो होकी सत्य सबै खोल्छ त्यही घटनाले ।
नचाहाँदा नचाहँदै जवरजस्ती भयो म माथी
केही हुने होकी दिनरात पिरोल्छ त्यही घटनाले।



**लालीमाया थापा मगर**
*नौबहिनी गाउपालिका-२, लिघा, प्यूठान*

## गजल

पैसाको आफ्नै तन हुँदैन मन हुदैंन ।
पैसा नहुनेहरुको के जीवन हुदैन ?

पैसाले सजाएको छ रङ्गाएको छ ।
किन ? श्रीङ्गार बिनाको यौवन हुँदैन ?

पैसाले इज्जत किन्नेहरु धेरै छन् ।
के बिना पैसाका मान्यजन हुँदैन ?

पैसा हुनेहरु त्यतिकै सफल छन् ।
के गरिबका सपनाको गगन हुँदैन?

पैसा हुनेहरुसँग मात्र पैसा हुन्छ होला ।
बुझ्नुस पैसावालाको कुनै इमान हुँदैन ।



**किरण पोखेल (एक बसन्त)**
*सरुमारानी २, दर्भान प्यूठान*

## गजल

उज्यालो वस्ती बादलले छेकेपछी के भनूँ ?
हेर्दै थिएँ मुहार आचलले छेकेपछी के भनूँ ?

भुतुक्कै भए तिमीलाई देखेपछी आफै यहाँ,
नियाल्दै थैं नजर गाजलले छेकेपछी के भनूँ?

भेट्न भनी आउँदै थिए तिम्रै घरको बाटो भई,
बिचमा एउटा म झैं पागलले छेकेपछी के भनूँ?

तिमी पारी रुदै थियौ म वारि छट्पटीएको थिएँ,
पुछ्न आँसु समुन्द्रको छालले छेकेपछी के भनूँ?

सँगसँगै मर्ने बाच्ने कसम खाएका थियौं हामीले,
छिटो लैजा स्वर्ग भन्थैं कालले छेकेपछी के भनूँ?



**श्यामकुमार क्षेत्री मुस्कान**
*नौबहिनी गा.पा ८ बल्लेखोला प्युठान हाल, भारत*

## मुक्तक

॥१॥

ठाउ ठाउँमा नाता जोडने हरु भेटिन्छन ।
नाता जोडे पछि फेरि तोडने हरु भेटिन्छन ।
आसुको मुल्य कसलाई पो थाहा छर,
हिड्दा हिडदै बाटो मोडने हरु भेटिन्छन ।

॥२॥

काँडा पन्छाउँदा पन्छाउँदै फुल झरि सकेको थियो
उसले कहिले नभेट्ने बाचा गरि सकेको थियो
आज अचानक किन आयो होला उसको याद
मलाई ऊ मेरो लागि मरिसकेको थियो ।

॥३॥

खुकुरी दिएर अनि धार दिएर ।
गएको छ मलाई कोहि उपहार दिएर ।
हेर्नुस् न उसको सर्त पनि कस्ता कस्ता रे,
मैले संसार छोडनु पर्ने जस्ता रे



**प्रकाश समर्पण मगर**
*नौबहिनी गा.पा. ८ फोप्ली हाल भारत*

## गजल

तिम्रो घर र सरकारी कार्यालय उस्तै भयो ।
जन्मे देखि आजसम्मको तय उस्तै भयो ।

जति कोशिश गरे पनि कहिल्यै नपग्लिने,
मन्दिरको ढुङ्गा र तिम्रो हृदय उस्तै भयो ।

तिमीले सिकाउन सकेनौ कि मैले सिक्न,
सफल भएन कि प्रेमको बिषय उस्तै भयो ।

एकलौटी नै चल्दो रहेछ शासन जहापनि,
आज अदालतको पनि निर्णय उस्तै भयो ।

आज एक्लो हुनुमा दोष कसलाई दिउँ खै,
न त तिम्रो दोष छ न मेरो समय उस्तै भयो ।



**लक्ष्मी मगर संघर्ष**
*नौबहिनी ५ डाम्री, प्यूठान*

# आमाको माया
कथा



**रबिन श्रीपाली**
*गौमुखी गा.पा -६ लिवाङ्, प्यूठान हाल भारत*

मनकुमारीका दुई भाई छोराहरू थिए । श्रीमान् धन कमाउन परदेश पसेको पनि तीन-चार बर्ष भएको थियो । केही पनि खबरहरू आवत-जावत थिएन श्रीमान्को। मनकुमारीले गाउँमै ज्याला मजदुरी गरेर छोराहरूलाई पढाईन हुर्काइन् । छोराहरूको भविष्यका लागि कहिले भोकै, त कहिले प्यासी साहुको ज्याला मजदुरी गरिन् ।

बिस्तारै छोराहरू ठुला हुँदै गए। पढाई पनि पूरा भयो छोराहरूको । जेठो छोरो गाउँमै बसेर शिक्षकको जागिर खान थाल्यो । कान्छो छोराले शहरमा मेडिकलको पसल सञ्चालन गरेर बस्न थाल्यो । अब आमालाई लाग्यो मेरा सुखका दिनहरु आए र दुःखका दिनहरू गए ! छोराहरूले बुहारी ल्याउलान, मलाई सुख हुने भयो भन्ने कुराहरु मनमा खेलाउन थालिन् ।

केही समय पछि जेठो छोराले बिबाह गऱ्यो । केही दिन आमालाई सेवा गरे तर बुढी भएकी आमाको झिँजो सहन सकेनन् र अलग्गै बस्न थाले । आमाले मनमनै सोचिन् जेठोले नहेरे कानछोले त हेर्ला भनेर कान्छोको बिबाह गरिदिइन्। बिबाह प्रश्चात् कान्छो केही दिन घरमा बसेर शहर गयो । उता उस्को मेडिकल पसल थियो । उ बिना काम चल्दैनथ्यो, कान्छी बुहारी घरमै आमासँग बसिन् ।

केही दिन कान्छी बुहारीले पनि आमालाई राम्रो व्यावहार गरिन् । यताउता छरछिमेक खुसी थिए सासु बुहारीको चालचलन देखेर । तर बिस्तारै कान्छीले पनि आमाको स्याहार सम्भार गर्न धौ-धौ मान्न थालिन् । उता शहरमा बसेको श्रीमान् लाई अनेकौं बहाना बनाउन थालिन्। आमालाई अनेक आरोप लगाउन थालिन् । मलाई कि तिमीसँग बोलाउ हैन भने म माइत गएर बस्छु भन्न थालिन् । श्रीमतीको धेरै कुरा सुनेपछि शहरबाट कान्छोले श्रीमती बोलायो । अब घरमा आमा एक्लै थिईन् बिचरा । जेठो पनि मास्टर, कान्छो डाक्टर ती चाउरी परेका गाला, फुटेका खुट्टा, मनभरी पीडा भएकी आमालाई कस्ले हेरोस ? तर पनि छोराबुहारीलाई कहिल्यै केही भनिनन् आमाले । चिन्तै-चिन्ताले आमा झनै सुक्दै जानुभयो तर कसैले वास्ता गरेनन् ।

एकदिन ती बुढि आमाको मृत्यु भएछ । छोराहरू हतार हतार आएर रुन थाले । त्यतिकैमा गाउँका एकजना भलाद्मी मान्छेले अलि रिसाउँदै भने-ः चुप गराओ जिउँदो हुँदा बेर आमाको माया के हो ? भन्ने बुझेनौ, अहिले मरेपछि के नाटक गर्छौ ? सबै मौन भए एकछिन । अर्को सबैलाई सम्झाउँदै भने “बाचुन्जेल आफ्नो आमा-बुबालाई माया गरौं, सेवा गरौं। आमाबाबु नै हाम्रो भगवान् हुन । बाचुन्जेल छि-छि गर्ने, धर्ति छोडेपछि छोडेर रुने ।” लाखौंको दान पुण्य गर्ने यो औचित्य हुँदैन । बाचुन्जेल आमाबुबालाई सेवा गरौं ।




## समाजबादी....

रायमाझी लगायतका नेताहरुले उनीहरुलाई स्वागत गराए । समाजवादीको उपस्थिति रहेको सरुमारानीमा गएको ठूलो धक्कासंगै प्युठानमा छिटफुट मात्रामा रहेको नेकपा समाजवादी शून्य अवस्थामा झर्न थालेको चर्चा चलेको छ । यसअघि समाजवादीका जिल्ला सचिव दीपेन्द्र केसी लगायतका अगुवा नेता तथा कार्यकर्ताहरु एमालेमै फर्किएका छन् । यसैबीच, सरुमारानी-६ को रज्जे पाङ्गबाङ बस्तीमा माओवादी र नेपाली कांग्रेसबाट ९५ घर परिवार एमालेमा प्रवेश गरेका छन् । गएको स्थानीय तहमा १७ मत मात्रै आएको उक्त बस्तीबाट अहिले ५/६ घर बाहेक सिंगो बस्ती एमालेमा प्रवेश गरेको एमाले प्यूठानका उपाध्यक्ष तथा सरुमारानी गाउँपालिका अध्यक्ष झग बहादुर बिश्वकर्माले जानकारी दिए । हालको एमाले नेतृत्वको गाउँ सरकारले उक्त वस्तीको विकास निर्माणमा खेलेको भूमिकाका कारण बस्ती नै एमालेमा समाहित भएको नव प्रवेशीहरुको प्रतिक्रिया छ । उनीहरुलाई उपाध्यक्ष झग बहादुर विश्वकर्मा, पूर्व अध्यक्ष तुल्सीराम शर्मा, मोहम्मद हलिम हलुवाई लगायतका नेताहरुले स्वागत गरे । एकीकृत समाजवादीका १ सय ५३ अगुवा नेता तथा कार्यकर्ताहरु पार्टी प्रवेश गर्दा सरुमारानीको एमालेमा थप ६ सय ५० मतदाता थपिएको संगठन कमिटीका अध्यक्ष बसन्त जिसीले बताए ।



मोहम्मद हलिम हलुवाइलाई एमालेमै स्वागत गर्दै एमाले नेताहरू

## आर्थिक अभावमा .....

सुनारले ऋण काढेर उनको उपचार गराएका थिए । आर्थिक अभावमा पूर्ण उपचार गर्न नसक्दा सुनार घर फर्किएर थलिएर बसेका छन् । ‘थप उपचारका लागि बिर हस्पिटल काठमाण्डौ गएका थियौं’, सुनारले भने, ‘डाक्टरले उपचारका लागि ८/९ लाख रुपैयाँ लाग्ने भनेका थिए ।’ पैसा जुटाएर उपचारका लागि काठमाण्डौका साँगामा लैजान चिकित्सकले सुझाव दिएका छन् । आर्थिक रुपले बिपन्न उनको घरमा खाने अन्नपात समेत छैन । उपचारका लागि सहयोगको याचान गरीरहेका उनलाई कमाउने उमेरमा थला परेपछि चिन्तित छन्। गाउँलेहरुले सहयोग जुटाएको रकमले चामल खाद्यान्न किनेपनि उपचार हुने गरी रकम जुट्न सकेको छैन । उपचार संभव भए सबै साहुको ऋण तिर्ने अठोट मरेको छैन उनीसँग । कमाई गर्ने मउेरमा वर्षेनी ऋण थपिदा बेचैन छन् सुनार दम्पत्ति । सुनार अहिले ह्विल चेयरको सहारामा भित्र बाहिर गर्न बाध्य छन् । पछिल्लो ८ महिनादेखि सुनारले यसैगरी कष्टका दिन बिताइरहेका छन् । श्रीमती केशरीले निमेक गरेर ल्याएको अन्नले गुजारा चलीरहेको छ । ‘गाउँ घरमा दिनहुँ काम मिल्दैन’, उनले भनिन्, ‘मागेर ल्याएको अन्न सकिदा कहिलेकाँहि पानी खाएर भोकै बस्छौं ।’ घरमा २ छोरा र १ छोरी सानै भएकाले छोडेर कामका लागि टाढा जान नसक्ने उनको भनाई छ । उपचारमा समस्या भएकाले छोरीहरुलाई पढाउने व्यवस्था गरीदिए घरको गुजारा चलाउन केहिँ सहज हुने उनीहरुले अपेक्षा गरेका छन् । सडकदेखि माथि घर भएकाले उपचारका लागि गइरहन पर्ने भएकाले सडक छेउँको माइतीको जग्गामा टहरो हालेर अहिले उनीहरु बसीरहेका छन् । यसै घरमा माइती पक्षले निस्कन भने बासको समेत टुङ्गो नहुने उनीहरुको दुखेसो छ ।

झुलेनी पोष्ट
साप्ताहिक
समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्क
०८६-५९०४३६
Email :
jhulenipyuthan@gmail.com

झुलेनी पोष्ट
साप्ताहिक
समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्क
०८६-५९०४३६
Email :
jhulenipyuthan@gmail.com

# होटल व्यवसायी संघ तथा पर्यटन सुचना केन्द्र प्युठानको अध्यक्षमा कवर

**तेजेन्द्र बि.एम.**
**झुलेनी पोष्ट प्यूठान**

होटल व्यवसायी संघ तथा पर्यटन सुचना केन्द्र प्यूठानको एघारौं साधारण सभा एवं पाचौं अधिवेशनबाट अध्यक्षमा जुद्ध बहादुर कवर निर्विरोध निर्वाचित भएका छन् ।



साधारण सभा तथा अधिवेशनको अवसरमा पर्यटन सुचना केन्द्रको समेत समुद्घाटन गरिएको छ । शुक्रबार लुम्बिनी प्रदेश सभा सदस्य क्षेत्र नं. १ का सांसद हरि रिजालको प्रमुख आतिथ्यतामा खुल्ला सत्र तथा सुचना केन्द्रको उद्घाटन गरिएको हो । अधिवेशनबाट अध्यक्षमा कुवर निर्वाचित भएसङ्गै बरिस्ठ उपाध्यक्षमा दिलाराम सुवेदी, द्वितीय उपाध्यक्षमा भुपेन्द्र श्रेष्ठ, पर्यटन तर्फ उपाध्यक्ष वसन्त प्रसाद भण्डारी, महासचिव लिलाधर न्यौपाने, सचीव गिरिराज अधिकारी, कोषाध्यक्ष खेमराज बस्नेत, सहसचिव वसन्त राज पोखेल, सहकोषाध्यक्ष सञ्जय कुमार श्रेष्ठ र बरिस्ठ सदस्यमा जनक के. सि. निर्वाचित भएका छन् । त्यस्तै सदस्यहरुमा कमला नकर्मी, चित्र गिरी, तारा योगि, वसन्त श्रेष्ठ, जनक बहादुर के. सी., रामचन्द्र भण्डारी, नारायण प्रसाद श्रेष्ठ, रेशम श्रेष्ठ, जगन्नाथ श्रेष्ठ, विष्णु के. सी., प्रमोद श्रेष्ठ र रमेश राना चयन भएका छन् ।

“होटल, पर्यटन, कृषि, उद्योग र व्यापार, खुशी नेपाली समृद्ध नेपालको मुख्य आधार” भन्ने मुल नाराका साथ होटल व्यवसायी संघको अधिवेशन खुल्ला शत्रको कार्यक्रम संगै पर्यटन सुचना केन्द्रको उद्घाटन गरिएको हो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि रिजालले होटल व्यवसायीहरुले आमा र बुबाको न्यानो मायालाई बिर्साइदिने भएकोले आमा र बुबाकै सम्मान होटल व्यवसायीकर्मिहरुलाई आफुले बताएका थिए । पर्यटक र व्यवसायीकर्मीहरुको पारस्पारिक सम्बन्ध हुने भएकोले सिङ्गो जिल्लाको विकासको लागि आफु सदैव सकारात्मक हुने समेत रिजालले बताएका छन् । साथै कार्यक्रममा विशेष अतिथिको रुपमा होटल व्यवसायी महासंघ नेपालका सचिव चन्द्रलाल न्यौपाने, प्युठान नगर पालिका प्रमुख अर्जुन कुमार कक्षपती लगायतका अतिथिहरुले होटल व्यवसाय विकासको अधार भएको बताएका छन् । होटल व्यवसायीहरु पर्यटकको पहिलो आधार भएकोले पर्यटकिय क्षेत्रमा थप व्यवस्थापनका साथ व्यवसायीमा लाग्नु पर्ने वक्ताहरुको भनाई थियो ।

होटल व्यवसायी संघका अध्यक्ष गुन्ज बहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रमका संचालन संघका महासचिव बसन्त प्रसाद भण्डारीले गरेका थिए ।

# चालकसंग ट्राफिक कार्यक्रम : ट्राफिक नियम पालना गर्न आग्रह

**मधुसुदन पोख्रेल**
**झुलेनी पोष्ट प्यूठान**



जिल्ला प्रहरी कार्यालय प्यूठानले चालक संग ट्राफिक कार्यक्रम संचालन गरेको छ । जिल्लाका विभिन्न ठाउँहरुमा चालक तथा यात्रुहरु संग ट्राफिक चेतना सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन गरेको हो । जिल्ला ट्राफिक प्रहरी कार्यालय देविस्थानबाट खटिने टोलिले चालकसँग ट्राफिक प्रहरी कार्यक्रम अन्तर्गत साना तथा ठुला सवारी साधनहरुका चालक, सह चालक तथा यात्रुहरु समेतलाई सवारी दुर्घटनाबाट बच्ने उपाय, सडक प्रयोग गर्दा अपनाउनु पर्ने सावधानी, ओभरटेक गर्दा हुने दुर्घटनाका समस्या, दाँया-बायाँ कसरी मोड्ने, सवारीको गति, लेन अनुशासन, दुर्घटना न्यूनिकरण सम्बन्धि प्रशिक्षण दिईरहेको जिल्ला प्रहरी कार्यालयका सहायक निरिक्षक मधु थापाले बताए । लुम्बीनी ट्राफिक प्रहरी कार्यलयको निर्देसनमा यो कार्यक्र गत ३ महिना देखि संचालनमा रहेको छ । दैनिक ३० देखि ५० जना सम्म यात्रु तथा चालकहरुलाई प्रशिक्षण दिइरहेको थापाले बताए । नियमित रुपमा प्रशिक्षण दिइरहेकाले चालक र यात्रुहरुले फाइदा लिएका छन । प्रहरीले नियम पालना गर्दै यात्रा गर्न र सवारी साधन चलाउन आग्रह समेत गरेका छन् ।

## शिलबन्दी दरभाउ उपलब्ध पत्र पेश गर्ने सम्बन्धी सुचना

**प्रथम पटक सुचना प्रकाशित मिति २०७८ फागुन २४**

यस स्मार्ट कृषि कार्यक्रमको लागि कृषकको माग अनुसार को विभिन्न ब्राण्डका ६/७ एच.पि. क्षमताको मिनिटिलर आवश्यक परेकोले यो सुचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्र इच्छुक व्यापारीबाट गोप्य शिलबन्दी दरभाउ उपलब्ध गराउनु हुन अनुरोध छ । साथै दररेट उपलब्ध गराउँदा ब्राण्ड, क्षमता, न्यूनतम मुल्य, ग्यारेन्टी अवधी हुने/नहुने खुलाई पेश गर्नुहुन अनुरोध छ । ब्राण्ड रोज्ने अधिकार सम्बन्धीत कृषकको हुने छ ।

**अनुरोधक**
**जनप्रिय स्मार्ट कृषि गाउँ कार्यक्रम**
**कार्यान्वयन समिति**
**मल्लरानी गाउँपालिका -२ कुडारा, प्यूठान**

# छोटकरी

## एमालेको पालिका स्तरीय निर्वाचन केन्द्रित कार्यक्रम

**झुलेनी पोष्ट**
**प्यूठान**

नेकपा एमाले प्यूठानले गाउँपालिका स्तरीय प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको छ । पछिल्लो एक हप्तादेखि अगुवा कार्यकर्ता भेला तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरीएको हो। एमाले प्युठानको फागुन ७ गते स्वर्गद्वारीमा सम्पनन दोस्रो पुर्ण बैठकले निर्वाचन केन्द्रित पालिका स्तरीय अभिमुखीकरण तथा प्रशिक्षण कार्यक्रम तय गरेको अध्यक्ष बिजय बिराज विष्टले जानकारी दिए । उनका अनुसार प्यूठान जिल्लाको प्रवेशद्वार मानिने सरुमारानी गाउँपालिकाबाट पालिका स्तरीय कार्यक्रम सुरुवात गरीएको हो। हालसम्म सरुमारानी सहित, माण्डवी गाउँपालिका, स्वर्गद्वारी नगरपालिका, प्यूठान नगरपालिका, मल्लरानी गाउँपालिकामा प्रशिक्षण कार्यक्रम सम्पन्न भएका छन् । सोमवार झिमरुक गाउँपालिकाले अगुवा कार्यकर्ता अभिमुखीकरण तथा प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको हो । कार्यक्रममा नेकपा एमाले पोलिटव्युरो सदस्य तथा प्यूठान इन्चार्ज सूर्य थापा, केन्द्रिय सदस्य तथा प्यूठान सह इन्चार्ज हरीप्रसाद रिजाल, जिल्ला अध्यक्ष बिजबिराज विष्ट लगायत नेताहरुले अगुवा कार्यकर्ताहरुलाई निर्वाचन केन्द्रित प्रशिक्षण दिएका छन् ।

## प्यूठानमा खुल्ला पुरुष भलिवल प्रतियोगिता सञ्चालन हुँदै

**झुलेनी पोष्ट**
**प्यूठान**

प्यूठान नगरपालिका वडा नं. २ मा खुल्ला पुरुष भलिबल प्रतियोगित संचालन हुने भएको छ । स्वास्थ्यको लागि खेलकुद राष्ट्को लागि खेलकुद भन्ने मुल नाराका साथ प्यूठान नगरपालिका वडा न २ का स्वर्गीय वडा अध्यक्ष खिम वहादुर विष्ट र स्वर्गीय वडा सदस्य दुर्ग बहादुर धामीको स्मृतिमा खुल्ला पुरुष भलिबल प्रतियोगिता सञ्चालन हुने भएको भएको हो ।

प्यूठान नगरपालिका वडा नं.-२ को आयोजनामा यहि फागुन २८ गतेदेखि ३० गतेसम्म चितिखोला स्थित पच्छार खेलमैदानमा उक्त प्रतियोगिता सञ्चालन हुने वडा अध्यक्ष मुक्ति पोखेलले जानकारी दिए । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीयलाई क्रमशः नगद ५० हजार, ३० हजार र २० हजारसहित प्रमाणपत्र प्रदान गरिने पोखेलले बताए ।

वडाले स्वर्गीय वडा अध्यक्ष र वडा सदस्यको सम्झना स्वरुप अघिल्लो वर्षदेखि प्रतियोगिता सञ्चालन गर्दै आएको छ । वडा अध्यक्ष खिम बहादुर बिष्टको २०७५ मंसिर २१ गते र वडा सदस्य दुर्ग बहादुर धामीको २०७७ साउन १८ गते निधन भएको थियो ।

## जानकी मा.वि.को भवन शिलान्यास

**झुलेनी पोष्ट**
**प्यूठान**

जानकी माध्यामिक विद्यालय प्यूठान नगरपालिका २ चितिखोलाको नवनिर्माण हुन लागेको भवनको शिलान्यास गरीएको छ। पहिरो जोखिम, चिस्यानका कारण जोखिमयुक्त ठाउँ चितिखोलाबाट पाहारपाखामा विद्यालय निर्माण गर्न लागिएको हो । सामाजिक विकास मन्त्रालयबाट प्राप्त २० लाख रुपैयाँ लागतमा २ कोठे भवन निर्माण हुन लागेको विद्यालयका प्रधानाध्यापक बामदेव पोखेलले जानकारी दिए । भवन निर्माणको लागि स्थानीय शेर बहादुर विष्ट, मोहन विष्ट र यसोधरा विष्टले ४ रोपनी जग्गा निशुल्क उपलब्ध गराएका हुन् भने करिब साडे ३ रोपनी जग्गा विद्यालयले खरिद गरेको हो। नयाँ निर्माण हुन लागेको भवनको प्यूठान नगरपालिका नगर प्रमुख एक कार्यक्रमको बिच शिलान्यास गरेका हुन् ।

यस विद्यालयलाई भवन निर्माणको लागि राष्ट्पति शैक्षिक सुधार कार्यक्रम मार्फत ४ कोठे भवनको लागि ३६ लाख रुपैयाँ बिनियोजन भएको छ भने मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम र प्रदेश सरकारबाट पनि भवन निर्माणको लागि रकम बिनियोजन भएको विद्यालय व्यवस्थापन समितिले जनाएको छ । भवन निर्माणको लागि सबैले सहयोग गर्न विद्यालय आग्रह गरेको छ ।

## वली परिवारलाई....

पशु सेवा कार्यालयले लेकाली फर्मलाई स्थापना कालदेखिनै प्राविधिक तथा आर्थिक सहयोग गरेको थियो । कार्यालयले बाख्रा पालनसम्बन्धी तालिमसँगै आर्थिक सहयोग गरेपछि उनीहरूलाई हौसला मिलेपछि उनीहरुले बाख्रा थप्दै गएका थिए । जिल्लामा बाख्रा पाल्ने नयाँ किसानको लागि लेकाली फर्म नमुना भएको छ । 'बाख्रा पाल्न चाहाने किसान एक पटक हाम्रो फर्मको अवलोकन गरेकै हुन्छन्,'दलबहादुरले भने,' हामीले पनि सिकेका अनुभव बताउने गरेका छौ ।' फर्ममा बोयर, स्थानीय खरी, सादन जातका बोका रहेको खत्रीले बताए । यस वर्ष ब्याड बोका र माउबाख्रा १६ लाख बढीको बिक्री गरेको खत्रीले बताए । बोयर बोका ७५ प्रतिशतको लाई १ हजार ५ सय रुपैयाँ किलो र बाख्रा १ हजार ३ सय रुपैयाँ किलो बिक्री गरेको खत्रीले बताए । 'स्थानीय सरकारले यस वर्ष बाख्रा पालनमा धैरै किसानलाई अनुदान दिएको रहेछ,'खत्रीले भने, 'यसले गर्दा हाम्रा माउ बाख्रा, ब्याड बोका राम्रो भाउमा बिक्रिभयो ।' उनीहरुले बाख्रालाई खुवाउने दाना उत्पादन गर्नकालागि मिल समेत सञ्चालन गरेका छन् । यसले गर्दा दाना उत्पादन गर्न धैरै सहज भएको खत्री दाजुभाइ बताउँछन् । घर आंगनमा घाँस उत्पादन गरि त्यसकै प्रयोग बढाएका छन् । यसैगरि बेला बेलामा जुकाको औषधी खुवाउने गरेका छन् । यसले बाख्राको बृद्धि विकास चांडो हुने गरेको छ । 'विशेष योजनाका साथ बाख्रा पालन थालेका हौं,'खत्रीले भने, 'लगातार को मेहनतले सफल पनि भयौ ।' उनीहरुले बाख्रा पालनको आम्दानीले डाङ्को घोरहीमा घडेरी किनेर एक/एक पक्कि घर समेत बनाएका छन् । 'घोराहीको घरमा बसेर छोरा/छोरी अध्ययन गर्दछन् खत्रीले भने, 'हामी यतै बाख्राको रेखदेखमै हुन्छौ ।' बाख्रालाई दान खुवाउने, घाँसपात गर्ने लगायत कामकालागि लेकाली फर्मले स्थानीय ६ जनालाई रोजगार समेत दिएको छ ।

प्यू.जि.प्र.का.द.नं. : ११/०७०/०७१
जि.हु.का.द.नं. : ९/०७२/०७३
झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

## नगरवासिलाई अनुरोध

लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम्‌ अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं । वातावरणमैत्री नगरपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**प्यूठान नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, विजुवार प्यूठान

## कृषि तथा पशुपालन सम्बन्धी सामान चाहिएमा हामीलाई सम्झनुहोस

उन्नत स्थानीय र हाइब्रिड जातका तरकारी तथा अन्नवालीका बिऊ बिजन, किटनाशक तथा ढुसी नासक विषादी, कुखुरा, बङ्गुर, कालिज, टर्कि, गाई भैसी र बाख्राका दाना, गाई भैसीमा कृत्रिम गर्भाधान सेवा, गुणस्तरीय ब्रोइलर, लेयर्स, कालिज, टर्कि गिरिराज, कडकनाथ चल्ला, पशुपन्छीहरुको औषधी उपचार सेवा चाहिएमा सेवा गर्ने मौका दिनुहोला।

**किसान एग्रोभेट,**
**किसान एग्री एण्ड फिड सप्लायर्स**
**प्यूठान न.पा-४, जुम्रि प्यूठान**

**सम्पर्क फोन : ९८४७८३९१४३, ९८६८६६८७८८**

नोट : हामीकहाँ २४ सै घण्टा पशु पालन सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध छ ।

# Invitation for Quotations

**Lumbini Province**
**Ministry of Industry, Tourism, Forests and Environment**
**Forest Directorate**
**Division Forest Office**
**Pyuthan**
**Date of publication: 2078/11/24**

1. Division Forest Office, Pyuthan invites sealed quotations for the construction of ***High-Tech Nursery with fogging system in Bangesal.*** The estimated amount for the works is **19,21,694.97 (VAT inclusive).**

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Division Forest Office, Khalanga, Pyuthan, mailing address: dfopyuthan2075@gmail.com , telephone: 086-420007/9.

3. A complete set of Bidding Documents may be purchased from the office Division Forest Office, Khalanga, Pyuthan by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of ***NRs. 1,000/.*** till***2078/12/07***during office hours.
   Information to deposit the cost of bidding document in Bank:
   RajaswaKhata No. (Revenue Account)
   Office Name: Province Treasury and Controllers Office, Lumbini Province.
   Bank Name: Nepal Bank Limited
   Bank Address: Mallarani -4, Khalanga
   Account Number: 00101000000001001001 (Rajaswa)
   RajaswaShirsak Number: 14229
   For Security Deposit (DharautiKhata) No.: 05202000000200300001

4. Sealed bids must be submitted to the office ***Division Forest Office, Khalanga***, Pyuthan by hand/courier on or before **12:00** hours on ***2078/12/08***. Bids received after this deadline will be rejected.

5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2078/12/08*** at the office of ***Division Forest Office, Pyuthan.*** Bids must be valid for a period of **45 days** after bid opening and must be accompanied by a bid security amounting to a minimum of **NRs. 45,000.**,which shall be valid for **30 days**beyond the validity period of the bid.

If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# नेपालमा कृषिको सम्भावनाका अवसर तथा चुनौतिहरू


नेपालको अर्थतन्त्रलाई कृषि प्रधान अर्थ तन्त्र मानिन्छ । परम्परागत आर्थिक आधारका रुपमा रहेको कृषि क्षेत्रमा १५ औँ योजनाके तथ्यांक हेर्ने हो भने नेपालमा कृषिमा संलग्न नजसंख्या ६०.४ प्रतिशत रहेको छ । यति ठुलो श्रमशक्ति संलग्न भएतापनि कृषि क्षेत्रले कुल ग्रास्त उत्पादनमा कृषि क्षेत्रको योगदान २६.५ प्रतिशत गरेको छ । कुल ग्रास्त उत्पादनमा यो प्रतिशत संलग्न जनशक्तिको अनुपात एकदमै न्युन हो ।

नेपालमा योजना बद्ध विकासको सुरुवा देखिनै कृषि क्षेत्रलाई आधुनिक र ब्यवसाईक बनाउने एवं उत्पादन र उत्पादकत्व वृद्धि गर्ने विषयले प्राथमिक्ता पाउँदै आएको छ । नितिगत रुपमा कृषि क्षेत्रको २०५४ देखि २०७४ विविन्न राजनिती तथा भौगोलिक समस्या जस्ता आदि कुराले गर्दा सफल हुन नसिके पछि कृषि विकास रणनीती (२०७२-२०९२) हाल जारी गरि कार्यान्वयनमा ल्याइएको छ । कृषि नीति २०६१ राष्ट्रिय कृषि व्यवसाय निति २०६३ एंब वार्षिक वजेटहरु मार्फत पनि विभिन्न क्षेत्रका विभिन्न योजना ९२०७५/०७६-२०८०/०८१)अवधिमा कार्यक्रमहरु अघि सारिएका छन । संस्थागत रुपमा पनि कृषि क्षेत्रको विकासका लागि राज्य र राज्यबाहेकका कृषी क्षेत्रको वार्षिक औषत वृद्धिदर ५.८ प्रतिशत मात्रै भएबाट पनि यो पुष्टि हुन्छ । यसो हुनुकु प्रमुख कारण नेपालको कृषि आधुनीक र व्यवसाईक नहुनु नेपालको कृषि क्षेत्रले राज्यको उच्च प्राथमिक्ता प्राप्त गर्नुका साथै लामो समय देखिका विभिन्न प्रयासहरुका बाबजुद हालसम्म आइपुग्दा यश क्षेत्रमा रहेका विभिन्न समस्याहरुको उचित सम्भोधन हुन सकेको छैन । सिंचाइ , यातायात, गोदामघर, शितभण्डार, बिउ भण्डार , चिस्यान केन्द्र, कृषिबजार, कृषिसुचना केन्द्र जस्ता कृषि सम्भत पुर्वधारहरुको पर्याप्त बिकास गर्न सकियको छैन । कृषकहरुमा बचतगर्ने र बिक्री गर्ने भन्दा खानपुगे हुन्छ भन्ने मानसिक्ता हालसम्म पनि विद्यमान रहेको देखिन्छ ।

कृषि योग्यभुमी क्रमशः विनाश हुँदै गएको परम्परागत अंशबण्डा प्रणालीलगायतका कारण जग्गामा भैरहेको अनियंत्रित खण्डिकरणले कृषिउत्पादनमा ह्रास आयको जस्ता समस्याहरु पनि छन । नेपालको भु धरातलिय स्वरूपका कारण सबै क्षेत्रको कृषि कार्यमा नवीन प्रबिधिको अनुसरणमा समस्या रहेको छ । हिमाल पहाडमा खेतबारी जोत्नमा ट्याक्टरको प्रयोग गर्न नसकिनुलाइ यसको उदाहरणका रुपमा लिन सकिन्छ । यसका साथै जिबन निर्भाहमुखी कृषि पद्धति र खेतिको परम्परागत ढाँचामा परिवर्तन ल्याउन सकियको छैन । ठुलोमात्रामा कृषि योग्य उर्वर भुमिको गैर कृषि कर्यमा लगानी पर्याप्त पुँजी र प्राविधिक सहयोगको पनि अभाव छ,भने एकातिर तिर कृषकहरुसम्म पुग्ने गरि सरकारी लगानी न्यून रहेको छ । भने अर्को तिर कृषक हरुले कृषि कार्यकालागी सहज र सहुलियत रूपमा रिण प्राप्त गर्न सकिने गरि किसानमुखी बैंक तथा वित्तीय संस्थाहरूको पनि अभाव देखिएको छ । यस्तो अवस्थाहरु रहेको भएतापनी नेपालको कृषि क्षेत्रलाइ आधुनिक र व्यावसायिक बनाउने सनर्दभमा देखियका समस्याहरु सँगै केही सुनौला सम्भावनाहरु पनि रहेका छन् । यस्ता सम्भावनाहरुको सहि र विवेक सम्मत सदुपयोग हुन सकेमा समस्याहरु बाट आत्तिहाल्नु पर्ने स्थिति भने छैन ।


नेपालजस्तो विविधता युक्त धरातल र जलबायु भएको देशमा कृषि बालीहरुमा विविधीकरण गरि पर्याप्त फाइदा लिन सक्ने अबस्था रहेको छ । भूगोल एंव जलवायुलाई दृष्टिगत गरि बहुखेती प्रणाली, नगदेबाली,पशुपालन ,फलफूल र तरकारी खेती जस्ता व्यावसायिक पद्धतिलाई अबलम्बन गर्न सकिन्छ । देशमा विद्यमान अपार जलस्रोतको उपयोग मार्फत सिंचाइ प्रणालीलाई ब्यवस्थित बनाइ कृषि उत्पादनमा बढोत्तरी गर्न सकिन्छ । परम्परागत मौलिक ज्ञान युक्त कृषकहरुलाइ वर्तमानमा विकसित सुचना ,संञ्चार प्रबिधि र ज्ञान सँग जोड्न सकेमा मौलिकतालाई कायम राख्दै कृषिक्षेत्रलाई आधुनिकिकरण गर्न सकिने सम्भावना पनि रहेको छ । यसै गरि नेपालमा साना सहरहरु र कृषिसडक हरुको विकास विस्तार तिव्र रुपमा भैरहेको अबस्थाले कृषि उपजको बजार फराकिलो पार्न र मल बीउ बिजन आदिको उपलब्धता सहज बनाउन टेवा पुग्न सक्ने देखिन्छ । सम्पत्तिको रुपमा भुमिको उपयोग गर्ने नेपाली समाजको सोच र परम्परागत अंसबण्डा प्रणालीमा सकारात्मक परिवर्तन आउन थालेको छ ।

यसले कृषिभुमिको अनियंत्रित खण्डिकरणलाइ केही हद सम्म रोक्न सक्ने स्थिति छा,नेपालका कृषि उत्पादन जस्तै चिया,कफि,छुर्पी,स्याउ सुन्तला अनार,किवि आदि कृषि उत्पादन विश्वबजारमा लोकप्रिय भइ राम्रो स्थानलिन सक्ने संभावना कायमै रहेको छ । किसानले उत्पादन गरेको कृषीउपजको मुल्य सरकारले समयमै नतोकिदिनाले किसानहरु अझै मर्कामा परिरहेका छन । बिचमा बिचौलियाको ठगाइपनले गर्दा किसानले गरे जतिको दुख पनि उठान नस्क्नी अबस्था आयको छ । जसो तसो उत्पादन गरेको कृषि उपज विक्री गर्दा भनेजती मुल्यनै पाउन सकेको छैनन् बिदेश बाट भित्रनी टनका टन कृषि उपज बस्तुले गर्दा स्वदेशमै उत्पादन भयको रोग युक्त प्राङ्गारिक तरकारिले बजार पाउन सकेको छैन । नेपाल जस्तो ठाउँ अनुसार फरक फरक हावापानी भयको देशमा कृषिजन्य बस्तुको उत्पादन गर्न सकेमा नेपालको अर्थतन्त्रमा परिवर्तन आउन केही समय पनि लाग्दैन तर किसानले लगायको लगानिता परै जावस गरेको दुख समेत उठन नसक्नाले नयाँ कृषिक्रम गर्ने किसानहरु तेति जागरुप्ता देखाउन छडेका छन । यस्ता विभिन्न प्रकारका समस्याहरुले गर्दैपनी युवाहरु आफ्नो देश छाडेर बिदेश पलायन हुन बाध्य भयका छन । यस प्रति सरकारवालाको विशेष ध्यान जान जरुरी छ ।



शिवराज शर्मा

**(हाल मर्कवाङ स्मार्ट कृषि गाउँ कार्यक्रमको कृषि प्राविधिक सहजकर्ताको रूपमा कार्यरत रहेका छन ।)**



## गाउँ पालिका वासिलाई अनुरोध

लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री नगरपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, लिवासे प्यूठान

“हामी सबैको एउटै रहर, पूर्ण सरसफाई यूक्त हाम्रो नगर,
पूर्ण सरसफाई यूक्त हाम्रो नगर, अब छैन कसैलाई रोगको डर”

## सम्पूर्ण नगरवासीमा प्यूठान नगरपालिकाको अपिल

**फोहोर व्यवस्थापन सन्देश** :

- फोहोरलाई श्रोतमै बर्गिकरण गरी पुन: प्रयोग गरौं ।
- कुहिने फोहोरबाट कम्पोष्ट मल उत्पादन गरी कौशी खेती प्रर्बद्धन गरौं ।
- फोहोरको दिगो व्यवस्थापन गरौं, वातावरण संरक्षण गरौं ।
- नजाने फोहोर जाने मोहर
- फोहोर मैला व्यवस्थापन गरौं, जिम्मेवार नागरीक बनौं ।
- आफ्नो शहर सफा र स्वच्छ राखौं, सभ्य नागरिकको परिचय दिऔं ।
- कुहिने र नकुहिने फोहोर बर्गिकरण गरौं, २ छुट्टाछुट्टै भाँडामा संकलन गरौं ।
- हानिकारक फोहोरलाई साधारण फोहोरमा नमिसाउँ ।
- फोहोरमैला व्यवस्थापनमा अग्रसर होऔं स्थानीय निकाय सित हातेमालो गरौं ।
- पुर्ण सरसफाईमा हाम्रो प्रतिबद्धता दिगो फोहोरमैला व्यवस्थापन आजको आवश्यकता ।

**कसैले देहायको काम गरेमा कसुर गरेको मानिनेछ ।**

- नगरपालिकाले तोकिदिएको समय र स्थानबाहेक अन्यत्र फोहोरमैला निष्काशन गर्ने ।
- घर, कम्पाउण्ड तथा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने ।
- फोहोरबाट निस्केको दुषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर जग्गा प्रदुषित गराउने ।
- सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको सवारी साधन विसाउने वा बिसाई रहेको सवारी साधन हटाउन इन्कार गर्ने ।
- जन-स्वास्थ्यमा प्रतिकुल असर पर्ने गरी सडक वा सार्वजनिक स्थलमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने ।
- श्रोतमै फोहोरमैलाको वर्गिकरण नगरी फोहोरमैला मिसाएर निष्काशन गर्ने ।
- मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डि तथा माछाको कल्ला आदी सार्वजनिक स्थल, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि

**सजाय : माथी उल्लेखित कसुर गर्ने व्यक्तिलाई स्थानीय निकायले पहिलो पटक भए रु. ५00, दोश्रो पटक भए रु.१000 र तेश्रो पटक वा सो भन्दा बढि पटक गरेमा रु. ३000 जरिवाना र फोहोरमैला उठाउन लाग्ने खर्च समेत निजबाट असुल गर्न सक्नेछ ।**

अनुरोधक :
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
विजुवार, प्यूठान

तपाइको घर तथा अफिस अफिसको साथी .......

# हाम्रो राम्रो डेकोर एण्ड मल्टि सप्लायर्स

प्रो. सन्देश आचार्य (९८५७८३१९४७, ९८४८१६५१४७)



**घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्रि आवश्यक परेमा हामीलाई सम्झनुहोस् ।**

मो.नं.: ९८५७८३३४५५

# पृथ्वी एग्रोभेट सेन्टर

प्यूठान न.पा.-८, बाग्दुला प्यूठान



हामिकहाँ विभिन्न प्रकारका विऊविजन, विषादी, कम्वाईन मिल, मिनिटिलर, थ्रेसर, रोटामेटर, लगायत कृषि सम्बन्धी सम्पुर्ण सामग्री उपलब्ध छ।

तपाइको घर तथा अफिस सजाउने जिम्मेवारी अब हाम्रो .......

# राज डेकोर होम

9857821586



**घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्रि एउटै छानामुनी सुपथ मुल्यमा उपलब्ध छ**

**स्वास्थ्य मापदण्डको पालना गरौं ।**

महिला अधिकारलाइ नारामा मात्र होइन, व्यवहारमा परिणत गरौं ।
अन्तराष्ट्रिय नारी दिवस भव्य रुपले मनाऔं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## गाउँपालिका वासिलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं ।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।
१२) गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**नौबहिनी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, बाहाने प्यूठान

## गाउँपालिका वासिलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं ।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।
१२) गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**मल्लरानी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, खलंगा प्यूठान

**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : पौरखी अफसेट प्रेस बाग्दुला प्यूठान